"पर्यटन, कृषि र पूर्वाधारको विकास, साँगुरीगढीको आर्थिक समृद्धिको आधार"

# साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

☎ 025-400058, 025-400068, 025-400086

१ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७५/७६
चलानी नं. :- ९४१

मिति :- २०७५/०५/२४

विषय : सामाजिक सुरक्षा कार्यक्रमको नाम दर्ता तथा नविकरण सम्बन्धि सूचना ।

नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम सुविधा उपभोग गर्न इच्छुक र योग्य यस गाउँपालिका क्षेत्रका नागरिकहरुले देहाय अनुसार सम्बन्धित वडा कार्यालयमा निवेदन गर्नुहुन सूचित गरिन्छ -

**(क) नाम दर्ताको लागि निवेदन दिने**

१. आगामी आ.व. २०७६/७७ को फागुन मसान्त (२०७६ साल फागुन मसान्त) भित्रमा उमेर पुग्ने जेष्ठ नागरिकहरुले चालु आ.व. २०७५/७६ को पुष मसान्त (२०७५ साल पुष मसान्त) भित्र आवश्यक कागजातहरु सहित निवेदन दिने ।
२. अन्य लाभग्राहीहरुले आफ्नो प्रमाण सहित जहिले सुकै निवेदन दिने ।

**(ख) नविकरणको लागि निवेदन दिने**

१. चालु आ.व. २०७५/७६ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आ.व. २०७६/७७ मा पनि भत्ता लिन चाहेमा २०७५ साल पुष मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिने ।
२. नविकरण नगर्ने लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा भत्ता पाउन सक्ने छैनन ।

**(ग) दरखास्तका साथ निम्नानूसारका कागजातहरु अनिवार्य संलग्न हुनुपर्नेछ -**

१. सबै लाभग्राहीहरुको हकमा २ प्रति पासपोर्ट साइजको फोटो,
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
३. बालबालिकाको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपिका साथै आमा वा आमा नभए संरक्षकको नागरीकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण,
४. एकल महिलाको हकमा अविवाहिताको प्रमाण तथा सम्बन्ध बिच्छेद दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि,
६. अपांगताको हकमा प्रचलित कानून बमोजिम जारी भएको अपांगता परिचय पत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत



Website – www.sangurigadhimun.gov.np Email – sangurigadhi.ruralmundkt@gmail.com

"पर्यटन, कृषि र पूर्वाधारको विकास, साँगुरीगढीको आर्थिक समृद्धिको आधार"

साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

☎ 025-400058,
025-400068,
025-400086

**(घ) यस प्रयोजनको लागि लक्षित समूह वा लाभग्राही भन्नाले**

१. जेष्ठ नागरिक भन्नाले दलित नागरिकका हकमा ६० वर्ष उमेर पूरा भएका एवम अन्य नागरिकको हकमा ७० वर्ष पूरा भएका भन्ने बुझ्नुपर्नेछ ।

२. बालबालिका भन्नाले पाँच वर्ष उमेर ननाघेका दलित परिवारका एक आमाबाट जन्मेका बढीमा २ बालबालिकालाई बुझ्नुपर्नेछ ।

३. एकल महिला भन्नाले ६० वर्ष उमेर पुगेका बिबाह नगरी बसेका वा सम्बन्ध बिच्छेद भएका एकल महिलालाई बुझ्नुपर्नेछ ।

४. विधवा महिला भन्नाले पतिको मृत्यु भएका जुनसुकै उमेरका महिला एकल महिलालाई बुझ्नुपर्नेछ ।

५. लोपोन्मुख आदिवासी जनजाति भन्नाले तोकिएका लापोन्मुख आदिवासी जनजातिहरुलाई बझ्नुपर्नेछ ।

६. पूर्ण अशक्त अपांगता भएका व्यक्ति भन्नाले प्रचलित कानून बमोजिम जारी भएको रातो रंगको अपांगताको परिचय पत्र प्राप्त नागरिकलाई बुझ्नुपर्नेछ ।

७. अति अशक्त अपांगता भएका व्यक्ति भन्नाले प्रचलित कानून बमोजिम जारी भएको निलो रंगको अपांगताको परिचय पत्र प्राप्त नागरिकलाई बुझ्नुपर्नेछ ।

(ङ) दरखास्त फारम वडा कार्यालयमा निशुल्क उपलब्ध हुनेछ ।

(च) नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकार संग सम्बन्ध स्थापित भएका मित्र राष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन ।

(छ) बालबालिकाको हकमा निजको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा भत्ता प्राप्त हुने छैन ।

..............................
(सुवास श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत